प्रेस विज्ञप्ती: ओरेकको ३३ औ बार्षिकोत्सव सम्पन्न

राजनैतिक, आर्थिक, सामाजिक, रुपान्तरण सहित लैङ्गिक समानता र सामाजिक न्यायको अभियानमा विगत ३३ वर्षदेखि कार्यरत महिला पुनस्थार्पना केन्द्र (ओरेक) ले आफ्नो ३३ औं वार्षिकोत्सव चैत्र १९, २०८० तद्अनुसार ०१ अप्रिल २०२४ का दिन काठमाण्डौंमा सम्पन्न गरेको छ । महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयका माननिय मन्त्री श्री भगवती चौधरीको प्रमुख आतिथ्यतामा भएको संस्थाको वार्षिकोत्सव कार्यक्रममा ओरेकले महिला अधिकार स्थापनाका लागि गरेका आन्दोलन, अभियान र ती अभियानका उपलब्धिहरुको प्रस्तुतिकरण गरेको थियो । बार्षिक उत्सबका अवसरमा संस्थाले ३ दशक भन्दा लामो समयसम्म स्थानीय तथा राष्ट्रिय र अन्तराष्ट्रिय स्तरमा गरेका गतिविधि, प्रभाव, उपलब्धीका साथै संस्थाका भोगाई र सिकाईहरुको झलकहरु प्रस्तुत गरेको थियो । यसका साथै संस्थाको सिद्धान्त, ध्येय, उद्देश्य, संस्थागत रणनीति र आगामी बाटो सहितको  जीवन्त कथालाई कलाको माध्यमबाट समेत प्रदर्शनी समेत गरेको थियो । यस कार्यक्रममा सरकारी तथा राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरु, यु. एन एजेन्सीका प्रमुख तथा प्रतिनिधि, ओरेकका कार्यकारी संस्थापक अध्यक्ष, कार्यकारी समिति सदस्य, साधारण सदस्य तथा सल्लाहकारहरु, वर्तमान र भूतपुर्व कर्मचारी, आन्दोलनमा हातेमालो गरेका विभिन्न संघ, संस्था तथा सञ्जालका प्रमुख तथा प्रतिनिधि, महिला अधिकार सुनिश्चितताको अभियानमा अभियानरत अभियन्ताहरु, युवाहरु, लगायत १०३ जनाको उपस्थिति रहेको थियो । **"सामाजिक रुपान्तरण: हाम्रो गन्तव्य"** भन्ने नाराका साथ सम्पन्न यस वार्षिकोत्सव कार्यक्रममा ओरेकले हालसम्म महिलाबादी आन्दोलनमा गरेको नीतिगत पैरवी, महिला नेतृत्व विकास, प्रभावित देखि परिवर्तनका सम्वाहक निर्माणमा गरेको योगदानको कदर गर्दै आगामी दिनमा सामाजिक रुपान्तरणको अभियानमा थप शसक्त भएर निरन्तर लागी पर्न र त्यसका लागि अभिलेखिकरण, दस्तावेजीकरण र सञ्जालिकरणलाई अवको आन्दोलनको मुख्य रणनीति बनाएर अघि बढ्नु पर्ने पृष्ठपोषण प्रदान भएको थियो ।

कार्यक्रममा सहभागी आगन्तुक तथा अतिथिहरुले  ओरेकले आगामी दिनमा सामाजिक रुपान्तरणका लागि गर्नु पर्ने कार्यका साथै संस्थाले ३३ औ बर्ष पार गरिरहँदा राज्य पुग्न नसकेको ठाँउमा पुगेको र राज्यलाई सहयोग गरेकोमा धन्यवाद ब्यक्त गर्दै हालसम्म उपलब्ध गरेको उपलब्धी र आगामी दिनका लागि सुभकामना तथा सुभेक्षाहरु प्रदान गरेका थिए । यसरी सुभकामना प्रदन गर्नेहरुमा महिला आयोग, मानवअधिकार आयोग, राष्ट्रिय योजना आयोग, पालिका उप–प्रमुख, युएन एजेन्सीका प्रमुख तथा प्रतिनिधि, अन्तराष्ट्रिय गैरसरकारी सस्थाका प्रमुख तथा प्रतिनिधि, विभिन्न संजालका प्रमुख तथा प्रतिनिधि समेत रहेका थिए ।  उक्त कार्यक्रममा संस्थाका संस्थापक अध्यक्ष डा. रेणु अधिकारीले संस्थाले ३३ वर्ष पार गरेको भएता पनि सामाजिक रुपान्तरणको सवाल स्थापनाका लागि अझ काम गर्न बाँकी रहेको, महिला अधिकारका सवालहरुलाई राजनैतिक मुद्धाका रुपमा स्थापीत गर्न ओरेकले अझैं आफ्नो यात्रालाई रणनैतिक तवरबाट तय गर्नु पर्ने आवश्यकता र युवा पुस्ताको नेतृत्व स्विकार गरेर अघि बढेको संस्थाले महिलाको यौन तथा प्रजनन्  स्वास्थ्य, श्रम, स्व: निर्णय र शरिर माथिको नियन्त्रणको सवाललाई राजनैतिक मुद्धाको रुपमा स्थापीत गर्न जरुरी छ र त्यसमा संस्थाले हालको विश्वव्यापी रुपमा बढ्दै गएको लैङ्गिकता र महिलावाद विरुद्धको जालोलाई चिर्नु आवश्यक रहेको कुरा उल्लेख गर्नु भएको थियो । त्यसका साथै महिलाबादी समाज निर्माणका लागि महिलाबादीहरु एकवद्ध भएर निरन्तर लाग्नु पर्ने, र परियोजना केन्द्रीत भन्दा पनि सवाल केन्द्रीत भएर अघि बढ्नु पर्ने आजको आवश्यकता भएकाले

यसमा आफु र ओरेक सधै एकवद्ध भएर अघि बढ्ने कुरामा प्रतिवद्ध रहेको र त्यसका लागि हाल संसारभर फैलिएको परिवारवादको डढेलोलाई निभाउँदै संरचना र सोचको परिवर्तनको लागि आन्दोलन छेड्न जरुरी रहेको बताउनु भएको थियो । ओरेकले महिलाको विविधता र पहिचान सहित महिलालाई खाद्य, स्वास्थ्य तथा रोजगारीका अधिकार प्राप्त गर्न सहजिकरण गर्ने, लैङ्गिक उत्तरदायी समावेशी शासनका लागि उपयुक्त वातावरण सृजना गर्ने, महिला तथा किशोरीहरुको क्षमता विकासमा सहजीकरण गरी आफ्नो स्वःनिर्णयको अधिकार र आफ्नो शरीर माथिको अधिकारका लागि निर्णय गर्न सक्ने क्षमता विकासमा सहजीकरण गर्ने रणनीति लिएको छ । सोही रणनीति अनुरुप संस्थाले आफुलाई सामाजिक आन्दोलनका लागि एक महिलावादी स्रोत केन्द्रको रुपमा स्थापित गर्दै अघि बढाउने र समान उद्देश्य भएका स्थानीय तहदेखि राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरसम्मका संघ संस्था तथा संजालहरुसंग सहकार्य र उनीहरुमा रहेको ज्ञान तथा सीपको प्रभावकारी प्रयोग गर्दै आएको छ । महिला अधिकारका सवालहरुलाई स्थापीत गर्नका लागि आगामी दिनमा पनि कटिवद्ध भएर अघि बढ्ने विश्वास दिलाउँदै सामाजिक रुपान्तरणको अभियानमा सरोकारवालाहरुको साथ, सहयोग र ऐक्यवद्धताका लागि संस्था प्रतिबद्ध छ ।

यस कार्यक्रमको सञ्चालन ओरकका कार्यकारी निर्देशक सुनिता मैनालीले गर्नु भएको थियो भने संस्थाका कार्यकारी सदस्य श्री रीता साहले कार्यक्रममा सुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता संस्थाका अध्यक्ष श्री सविता पोखरेलले गर्नु भएको थियो ।

सविता पोखरेल
अध्यक्ष